प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४-४२०११३
फ्याक्स नं : ०६४-४२१५९४
Email:akcgorkha@gmail.com

पत्र संख्या: ०७७/७८
सूचना नं :४

# सूचना! सूचना!! सूचना !!!

(प्रथम पटक प्रकाशित मिति:२०७७/०६/०८)

कृषि ज्ञान केन्द्र गोरखाको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय कृषि उपज बिक्रि केन्द्र स्थापना कार्यक्रमका लागि स्वीकृत बजेटको परिधिमा रही कूल लागतको बढीमा ९०% सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ गोरखा जिल्ला भित्रका कृषक समुह तथा कृषि सहकारीले २०७७ आश्विन मसान्तभित्र सूचनामा तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु र निवेदन कृषि ज्ञान केन्द्र, गोरखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | लक्ष (संख्या) | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय कृषि उपज बिक्रि केन्द्र स्थापना कार्यक्रम (बिक्रि कक्ष निर्माण, कम्पाउण्ड, भण्डारण कोठा निर्माण तथा तराजु, प्लाष्टिक क्रेट आदी खरीद) | स्वीकृत बजेटको परिधिमा रहीकूल लागतको बढीमा ९०% सम्म | ३ | ✓ कार्यक्रम संचालन व्यावसायीक रुपमा कृषि उत्पादन हुने क्षेत्र, यातयातको साधन नियमित चल्ने सडकको छेउछाउ, जिल्ला सदरमुकाम बाहेकका बजार क्षेत्र वा स्थानीय तहको केन्द्रमा वा आसपासको पायक पर्ने स्थानमा हुनुपर्नेछ।<br>✓ कृषि उपज बिक्री केन्द्र स्थापनका लागि न्यूनतम ०.५ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ। |

आवश्यक कागजातहरु:

- समुह/सहकारीदर्ता प्रमाणपत्रको प्रतिलिपि
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि/पान नं को प्रतिलिपि
- समुह /सहकारीको बैठक निर्णय प्रतिलिपि
- प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि
- स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग वा नभएको वा नहुने र कार्यक्रम दिन उपयोक्त हुने व्याहोरा लेखिएको सिफारीसपत्र।

थप जानकारीको तथा सम्पर्कको लागि
फोन न:०६४-४२०११३
ईमेल: akcgorkha@gmail.com
वेवसाइट: www.gorkha.akc.gov.np

सम्पर्क अधिकृत:
श्री भवनाथ देवकोटा
स.नं.: ९८४६५७८६८४

मनिता थापा
प्रमुख

नोट: *यो कार्यक्रम गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वियन सम्बन्धी एकिकृत कार्यविधि २०७७ तथा स्थानिय कृषि उपज बिक्रि केन्द्र स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७ को अधिनमा रही संचालन हुनेछ।*